# बजेट वक्तव्य

माननीय उप प्रधान एवम् सङ्घीय मामिला तथा स्थानीय विकास एबं परराष्ट्र मन्त्री श्री कमल थापाज्यू,
माननीय सभासद्ज्यूहरु, उच्चस्तरीय प्रशासन सुधार आयोगका अध्यक्ष एवम् प्रशासकीय
अदालतका माननीय अध्यक्षज्यू, नेपाल सरकारका पूर्व मुख्य सचिव श्रीमान् लिलामणी पौडेलज्यू, का.म.पा.का पूर्व प्रमुखज्यूहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री माधव रेग्मीज्यू, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने महानुभावहरु, पत्रकार मित्रहरु, कर्मचारी साथीहरु,

आज काठमाडौं महानगरपालिकाको २७औं नगर परिषद्को सन्दर्भमा काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष ०७३।०७४ को बजेट, योजना तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म हर्षित छु । देशको राजधानी शहर रहेको काठमाडौं महानगरपालिकाको बजेट, योजना तथा कार्यक्रम मार्फत शहरी व्यवस्थापनका अनेकन् अवयवहरुमा सुधार ल्याउने भूमिका खेल्न पाउँदा म व्यक्तिगत रुपमा गर्वको महशुस गर्दछु ।

२०७२ वैशाख १२ गते गएको महाविनाशकारी भुकम्पबाट काठमाडौं महानगर क्षेत्र समेत उच्च प्रभावमा पर्‍यो । तत्काल उद्दार, राहत र पुनः निर्माणका कार्यक्रमहरु स्वभाविक रुपमा प्राथमिकतामा पारी कार्य गर्नु अनिवार्य शर्त जस्तो भएको छ । त्यसैले काठमाडौं महानगरपालिकाले विगतका वर्षहरुमा निरन्तर सञ्चालन गरि आएका कार्यक्रमहरुको अलावा विपद् व्यवस्थापन र पुनः निर्माणलाई विशेष महत्व दिई आगामी वर्षको कार्यक्रममा समावेश गरिएको व्यहोरा अनुरोध गर्न चाहान्छु ।

आदरणीय, दिदीबहिनी तथा दाजुभाईहरु,

चालु आर्थिक वर्ष.०७२।०७३ का लागि विनियोजित वार्षिक बजेट रु.४ अर्ब ६ करोड ७ लाख ८७ हजार रहेकोमा हाल करिब रु. ६१ करोड ३४ लाख २ हजार ३ सय ७० खर्च भएको छ । बजेटको कुल राजश्व आम्दानी मध्ये आन्तरिक आयबाट रु.१ अर्ब ५३ करोड ७३ लाख ३३ हजार व्यहोर्ने प्रक्षेपण गरिएकोमा हालसम्मको प्रगति अवस्था सन्तोषजनक भई अपेक्षित आन्तरिक आयको लक्ष्य प्राप्ती गर्न सहज हुने देखिएको छ ।

आगामी आर्थिक वर्ष ०७३।०७४ को लागि प्रस्तावित बजेट योजना तथा कार्यक्रमले निम्न बमोजिमका मूलभूत विषयहरुलाई समेटेको व्यहोरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

**सेवा प्रवाह सम्बन्धमा**

- काठमाडौं महानगरपालिका कार्यालयको चुस्त एवम् प्रभावकारी सेवा प्रवाहका लागि ४३ बुँदे प्रतिबद्धतापत्र जारी गरी उक्त प्रतिबद्धतापत्रलाई सूचकसहितको कार्य योजना बनाई कार्यान्वयन गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।
- काठमाडौं उपत्यकाका अन्य स्थानीय निकायहरुसँग समन्वय तथा सहकार्य गरी एकीकृत योजना संचालन गर्न जारी भएको १० बुँदे गोदावरी घोषणा गरेको छु । यसबाट काठमाडौं उपत्यकाको एकीकृत विकासलाई संस्थागत गर्न प्रारम्भ हुने विश्वास लिएकोछु ।
- महानगरबाट प्रवाह गरिने सेवालाई सक्षम, सुदृढ, सेवामूलक, जनमुखी, उत्तरदायि, उपलब्धि मूलक र सेवाग्राहीमैत्री बनाई नागरिकले पाउने सेवालाई भरपर्दो, विश्वसनिय, छिटो-छरिटो, प्रभावकारी, मितव्ययी, पारदर्शी, गुणस्तरीय र सर्वसुलभ बनाउन आवश्यक प्रबन्ध मिलाएको छु।
- काठमाडौं महानगरपालिका कार्यालयमा अपाङ्ग डेस्क खडा गरी अपाङ्ग मैत्री सेवा प्रवाह गर्ने प्रबन्ध मिलाएको छु ।
- कानूनी राज्यको मूल्य र मान्यतालाई संस्थागत गर्न महानगरपालिका संयन्त्रका सबै क्षेत्रहरुमा सबैको पहुँच एवम् उपयोग अभिबृद्धि गर्न जोड दिइनेछ । महानगरपालिका कार्यालयबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन यस्ता सेवाको संचालन तथा व्यवस्थापनमा सरोकारवाला निकायहरु बीच सहकार्यको व्यवस्था मिलाइने नीति लिइनेछ ।
- काठमाडौं महानगरपालिका कार्यालय अन्तर्गतका विभाग, आयोजना, महाशाखा, शाखा, एकाई, वडा कार्यालयबाट प्रत्येक महिना सम्पादन गरिएको कार्यको समिक्षा गरी आगामी महिना गरिने कार्यहरुको विषयमा समेत छलफल गर्न हरेक महिनाको पहिलो आइतबार समिक्षा बैठक (Sunday Meeting) गरी सेवा प्रवाहमा सुधार ल्याउने व्यवस्था मिलाएको छु ।
- आगामी आर्थिक वर्षबाट वडा कार्यालयहरुबाट प्रवाह गर्ने सेवालाई सरलीकरण गरी थप प्रभावकारी बनाउन अनुसन्धान गर्ने कार्यलाई प्रारम्भ गर्ने नीति लिएको छु ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन र सेवाग्राहीमैत्री सेवा केन्द्रका रुपमा काठमाडौं महानगरपालिकाको कार्यालयलाई विकास गर्न नागरिक वडापत्रलाई अद्यावधिक गरी, मोबाइल एप्स मार्फत समेत कार्य सम्पादन गर्न प्रबन्ध मिलाएको छु ।
- सेवाग्राहीको गुनासोलाई शिघ्र समाधान गर्ने प्रशासनिक संयन्त्र विकास गर्ने नीति लिएको छु ।

## संस्थागत सुशासन सम्बन्धमा

- भवन निर्माण प्रकृयालाई थप सरल, पारदर्शी र प्रभावकारी बनाउन (Electronic Building Permit System (EBPS) ) लाई सबै वडाहरुमा विस्तार गर्ने प्रबन्ध मिलाएको छु ।
- महानगरपालिकाबाट प्रवाह गर्ने सम्पूर्ण सेवाहरुलाई सूचना प्रविधिमा आवद्ध गरी सेवाग्राहीको सहजता बृद्धि गर्नेछु । यसका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट काठमाडौं महानगरपालिकामा Piloting गरी तयार भएको Municipal Administration and Revenue System (MARS) आगामी आर्थिक वर्ष देखि प्रयोगमा ल्याउने प्रबन्ध मिलाएको छु । यसका लागि रु.६ करोड ७५ लाख विनियोजन गरेको छु ।
- भूउपयोग योजना Land Use Plan र Risk Sensative Land Use Plan को उपयोग गरी काठमाडौंको जमिनको उपयोगलाई व्यवस्थित गर्ने योजना तय गरेको छु ।

## पुनः निर्माण तथा भौतिक विकास

- काठमाडौं महानगरपालिका क्षेत्र भित्रका धार्मिक, पुरातात्विक एवम् साँस्कृतिक महत्व रहेका स्मारक, मठ मन्दिर तथा अन्य भौतिक सम्पदा समेतको संरचनाहरुको पुनः निर्माण गरी पर्यटन प्रबर्द्धनलाई सहयोग पुग्ने गरी कार्यक्रम प्रस्ताव गरेको छु । यसको लागि रु. ७ करोड रकम बजेट विनियोजन गरेको छु साथै हनुमानढोका दरवार क्षेत्र भित्र परेका सम्पदाहरु तथा साँस्कृतिक धरोहर संरक्षण तथा पुनः निर्माणका लागि हनुमानढोका दरवार संरक्षण कार्यक्रम मार्फत रु.२० करोड विनियोजन गरेको छु ।
- उपभोक्ता र महानगरपालिकाको सहकार्य मा ढल निर्माण, सडक योजना, सडक बत्ति लगायतका निर्माण कार्य गरी भौतिक निर्माण तथा पूर्वाधार मर्मतका लागि प्रबन्धका लागि रु. १० करोड रकम बजेट विनियोजन गरेको छु ।
- वडा नागरिक मञ्चबाट सिफारिश भई आएका “एक वडा-एक पूर्वाधार” अन्तर्गत प्रत्येक वडाका लागि रु.१ करोडका दरले ३५ वडाका लागि रु.३५ करोड र अन्य महत्वपूर्ण शहरी पूर्वाधार निर्माणकालागि थप रु.१४ करोड गरी जम्मा रु.४९ करोड बजेट विनियोजन गरेको छु।
- शहरी यातायात व्यवस्थापनमा सडक चौडाको महत्वपूर्ण भूमिका हुने भएको हुँदा गत ३ वर्ष देखि सञ्चालन भइरहेको सडक विस्तार कार्यक्रमलाई निरन्तरता दिनलाई यो वर्ष पनि रु.४० करोड बजेट विनियोजन गरेको छु ।

- काठमाडौं महानगरक्षेत्र भित्रका उपलब्ध खुल्ला क्षेत्र, सार्वजनिक पर्ति जग्गा, सडक किनारा नदी किनारा आदिको समुचित उपयोग गरि हरियाली प्रबर्द्धन गर्न रु.१० करोड बजेट विनियोजन गरेको छु ।
- काठमाडौं महानगरक्षेत्र भित्र वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जालाई प्रयोगमा ल्याई उज्यालो काठमाडौं कार्यक्रमका लागि रु.१० करोड बजेट विनियोजन गरेको छु । सोका लागि बैंक वित्तिय संस्था, व्यापारिक वा व्यवसायिक संस्थाहरुलाई समेत परिचालन गरिने नीति लिएको छु । यसबाट थप रु.१० करोड रकम परिचालन हुने अपेक्षा गरेको छु ।
- महानगरपालिकाका वडा कार्यालयहरुलाई सेवा केन्द्रको रुपमा विकास गर्नका लागि आफ्नै वडा कार्यालय भवन बनाउने र त्यसमा सौर्य उर्जा जडान गरी उर्जामा निर्भर हुन यस आर्थिक वर्ष.रु.५ करोड विनियोजन गरेको छु ।
- महानगरक्षेत्रभित्र शहरी शौचालय सुविधालाई आवश्यकता अनुसार विस्तार गर्दै लगिनेछ । त्यसै गरी महानगरक्षेत्रभित्रका भौतिक पूर्वाधार तथा सार्वजनिक कसम्पत्तिको नियमित मर्मत संभारको व्यवस्था मिलाउने कार्यक्रम तय गरेको छु ।
- भुकम्प पछिको शहरी विकासमा संयुक्त आवास कार्यक्रम (Urban Regeneration Program) अघि बढाउने कार्यक्रम तय गरेको छु । यसको शुरुवात का.म.पा.१८ वैद्य चोक, बुद्ध चोक र किलागल चोकबाट शुरु गरिने र सोका लागि रु.३ करोड बजेट विनियोजन गरेको छु ।
- काठमाडौंको मुटुमा रहेको रानीपोखरीको पुनः निर्माण तथा स्तरोन्नति कार्य लाई निरन्तरता दिएको छु । सोका लागि आगामी वर्षको बजेटमा रु.३ करोड विनियोजन गरेको छु ।
- बालाजु उद्यान र शंखपार्कको संरक्षण र सदुपयोग गरी ती क्षेत्रहरुलाई आम्दानीको भरपर्दो श्रोतको रुपमा विकास गर्न पार्कहरुको पुनः निर्माणका लागि रु. १० करोड रकम विनियोजन गरेको छु ।
- काठमाडौं उपत्यकाको शहरी यातायातलाई व्यवस्थित बनाउन विद्युतीय सवारी साधनहरु संचालनका लागि रु. ५ करोड रकम बजेट विनियोजन गरेको छु । यसबाट उपत्यकाको बढ्दो सवारी चाप व्यवस्थापन र वातावरण प्रदुर्षण नियन्त्रणमा थप योगदान पुग्ने विश्वास लिएको छु ।

## वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

- नीजि क्षेत्र समेतको सहभागितामा फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम व्यवस्थापन कार्यलाई दिगो र संस्थागत गर्ने कार्यक्रम बनाएको छु ।

- फोहोर मैला व्यवस्थापन प्रणालीमा समयानुकुल प्रविधिको प्रयोग गरी रु.१करोड ५० लाख छुट्टयाई बायो ग्याँस र कम्पोष्ट मल उत्पादन गर्ने कार्यका लागि टेकु ट्रान्सफर स्टेशनमा शुरु गर्ने प्रबन्ध मिलाएको छु । सो कार्यका लागि वैदेशिक सहायता परिचालन गर्ने नीति लिएकोछु ।
- काठमाडौंको एकीकृत वातावरणीय व्यवस्थापनका लागि Integrated Urban Environment Management Plan (IUEMP) लाई तर्जुमा गरी दिगो शहरी विकासको आधार सुदृढ गर्न चालु आर्थिक वर्षको बजेट संशोधन गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।
- शहरी हरियाली प्रबर्द्धन गर्न "एक वडा-एक बगैंचा" कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।
- ओखरपौवा स्थित सिसडोल ल्याण्डफिल साइटको फोहोरमैला प्रभावित क्षेत्रको बृहत्तर विकास तथा क्षेत्र सुधार कार्यक्रमको लागि बजेटको अंक उल्लेख्य बृद्धि गरि आर्थिक वर्ष ०७३।०७४का लागि रु.२ करोड विनियोजन गरेकोछु ।

**जनस्वास्थ्य तथा सामाजिक विकास सम्बन्धमा**

- शहरी गरिबी घटाउन विशेष कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु । लैंङ्गिक समानता, सामाजिक समावेशीकरण, बालमैत्री शहरको अवधारणालाई शहरी सुशासनको मार्ग चित्रका रुपमा बजेटमा आवश्यक प्रबन्ध मिलाएकोछु ।
- जेष्ठ नागरिक, फरक क्षमता भएका अपाङ्ग, विपन्न तथा आर्थिक एवम् सामाजिक रुपमा पछाडि पारिएका समुदायको उत्थान कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु । जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई दिँइदै आएको भत्तालाई निरन्तरता दिएकोछु ।
- काठमाडौ महानगरपालिका भित्र नेवा जातिको मौलिक सँस्कृति झल्किने गरी एउटा नेवा जातिय सँग्राहलयकोलागि आवश्यक बजेट प्रस्ताव गरेको छु ।
- शहरी स्वास्थ्य क्लिनिकहरुको क्षमता विकास गर्दै सेवाको स्तरबृद्धि गर्ने कार्य योजना पेश गरेको छु । निरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक कार्यलाई जनस्वास्थ्यको प्रभावकारी माध्यमका रुपमा विकास गर्ने नीति अख्तियार गरेको छु ।
- काठमाडौं मेट्रो हस्पिटल अध्ययनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- काठमाडौं महानगरपालिकामा कार्यरत कर्मचारीहरुको उपचारका लागि रु.५० लाख बजेट विनियोजन गरेको छु ।

- खाद्य, पेय तथा मासुजन्य पदार्थको गुणस्तर नियन्त्रण गरी गुणस्तरीय खाद्य पदार्थ माथि उपभोक्ताको पहुँचलाई बृद्धि गर्ने गरी बजेट तथा योजना प्रस्तुत गरेको छु ।
- सामाजिक कुकुर (घरपालुवा), सामुदायिक कुकुर (छाडा कुकुर) र छाडा पशु चौपायाको उचित व्यवस्थापनका लागि Human International Society को सहकार्यमा काठमाडौं महानगरपालिका कुकुर व्यवस्थापन आयोजना स्थापना गरी कार्यान्वयनमा ल्याउने छु सोका लागि रु.३ करोड ५० लाख बजेट विनियोजन गरको छु ।
- काठमाडौं महानगरपालिका क्षेत्र भित्रका बधशालाहरुको स्तरोन्नतिको लागि रु.५० लाख बजेट विनियोजन गरिएको छ ।
- पछाडि परेका वर्गको सशक्तिकरणका लागि सूचक सहितको कार्यक्रम तयार गरी कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

अन्य

- काठमाडौं महानगरपालिकाको अन्तर्राष्ट्रिय सम्बन्धमा विस्तार, भगिनी सम्बन्ध कायम गर्न तथा सुदृढिकरण गरी बैदेशिक सहयोगको दायरालाई फराकिलो बनाउने योजनाका साथ आर्थिक वर्ष.२०७३।०७४ को बजेट नीति तथा कार्यक्रम तयार गरेको व्यहोरा अनुरोध गर्दछु ।
- काठमाडौं महानगरपालिकाको आफ्नै टेलिभिजन प्रसारण गर्नका लागि रु.५० लाख विनियोजन गरेको छु । यसरी स्थापना भएको टेलिभिजनलाई स्थानीय तहको टेलिभिजनको रुपमा विकास हुनेछ भन्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष ०७३।०७४ का लागि कूल रु.३ अर्ब ६६ करोड २० लाख ७० हजार रुपैयाको राजश्व तथा खर्च प्रस्ताव गरेको छु । यसका लागि आन्तरिक आयबाट रु. १ अर्ब ४२ करोड४४ लाख ९२ हजार रुपैया प्राप्त गर्ने अनुमान गरको छु । कुल विनियोजित रकम मध्ये २ अर्ब ९९ करोड २२ लाख २० हजार रुपैया पुँजीगत खर्च तथा चालु खर्च तर्फ ६४ करोड ९८ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

अन्त्यमा ,

प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने काठमाडौं जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने व्यवस्थापिका संसदका माननिय सभासद्ज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजनीतिक दलका स्थानीय प्रतिनिधिज्यूहरु, वडा नागरिक मञ्चका सदस्यज्यूहरु तथा सम्पूर्ण करदाता महानगरवासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको

ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा गरेको छु। प्रस्तावित कार्यक्रमबाट महानगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन बृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु।
आर्थिक वर्ष ०७३।०७४ को बजेट योजना तथा कार्यक्रमको कार्यान्वयनमा राजधानी वासी नेपाल सरकार, राजनीतिक दलहरु, नागरिक समाज, गैन्ह सरकारी संघ-संस्था, वैदेशिक दातृ संस्था र कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा राखेको छु।
धन्यवाद

**रुद्रसिंह तामाङ**
प्रमुख तथा कार्यकारी अधिकृत
२०७२ पौष २८ गते